गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय कास्की
पोखरा, नेपाल

फोन नं. : ०६१-५७०१७१
ईमेल: dfokaski@gmail.com

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

## वन पैदावार (जडीबुटी – गुजरगानो) डाँक बढाबढद्वारा लिलाम विक्रि सम्बन्धी सूचना ।

*पहिलो पटक प्रकाशन मिति : २०८२/०७/२६*

प्रस्तुत विषयमा विभिन्न वन मुद्दामा बरामद भई डिभिजन वन कार्यालय बगर परिसरमा घाटगद्दी गरिएको तपसिल बमोजिमको लट र परिमाणको गुजरगानो प्रजातिको जडीवुटी जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम विक्रिको लागि यो १५(पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा कम्पनीले देहायका शर्त बमोजिम तोकिएको मितिमा हुने डाँक बढाबढ प्रक्रियामा भाग लिन आव्हान गरिएको छ ।

तपसिल

१. वन पैदावारको विवरण

| वन पैदावरको विवरण | | | न्यूनतम मूल्य (रु.) | कैफियत |
|---|---|---|---|---|
| लट नं | जडीवुटीको प्रकार | परिमाण (के.जी.) | | |
| १ (०८२/०८३/मुद्दा) | गुजरगानो | १४३० | १००१० | प्रतिवादी राजेश वि.क.समेत भएको |
| २ (०८२/०८३/मुद्दा) | | ३४७० | २४२९० | प्रतिवादी हुम बहादुर नेपाली समेत भएको |
| ३ (०८२/०८३/मुद्दा) | | १९२० | १३४४० | प्रतिवादी प्रेम बहादुर परियार समेत भएको |
| ४ (०८२/०८३/मुद्दा) | | ३५०० | २४५०० | प्रतिवादी खडगजित राई समेत भएको |

२. डाँक बढाबढ हुने स्थान, मिति र समय

क. स्थान : डिभिजन वन कार्यालय कास्की बगर

ख. मिति र समय : २०८२।०८।१२ गते दिउसो ०१:०० बजे

ग. तोकिएको दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट हुनेछ ।

घ. डाँक बढाबढ लट अनुसार क्रमश गरिने छ ।

३. डाँक बढाबढ प्रक्रियामा भाग लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता तथा नविकरणको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाण-पत्र, करचुक्ता प्रमाणपत्र र करचुक्ता प्रमाण-पत्र र निवेदन साथ रु.१०।- टिकट टाँस गरी मिति २०८२।०८।१२ गते दिउसो ११:०० बजे भित्र निवेदन पेश गर्नुपर्नेछ ।

४. डाँकबढाबढ न्यूनतम मूल्यबाट शुरु हुनेछ ।

५. डाँक बढाबढ प्रक्रियामा भाग लिने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्यको १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नुपर्नेछ । डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानुपर्नेछ।

६. लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहने छ ।

७. लिलाम बढाबढ हुने वन पैदावार घाटगद्दीमा हेर्न सकिने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम, नियमानुसार लाग्ने कर बुझाई सकार गरेको वन पैदावार उठाई लैजान पर्नेछ ।

९. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

दिनेश राज काफ्ले
डिभिजनल वन अधिकृत